# सामाजिक सुरक्षामा नियमित योगदान, श्रमिकको अधिकार संरक्षण




## अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवस, २०८१

पुस ३, २०८ १ (December 2024)




केही वर्ष अघिसम्म स्वदेशमा रोजगारीको कुनै विकल्प नभएका सीप विहिन अदक्ष नेपाली वैदेशिक रोजगारीमा जाने गरेको आम धारणामा अब परिवर्तन हुँदैछ। अब वैदेशिक रोजगारीमा अर्धदक्षदेखि उच्चदक्ष श्रमिकको संख्या बृद्धि भएको छ। यसबाट वैदेशिक रोजगारी स्वदेशमा विकल्प विहिन भएको कारण कामको लागि विदेश जाने गरेको भन्ने भास्यमा परिवर्तन हुँदै गरेको तथ्यले देखाएको छ।

ट्रेड यूनियनहरूको अथकप्रयासबाट प्रवासी श्रमिकको अधिकार, सुविधा र संरक्षण अन्तर्राष्ट्रिय चासो बनेको छ। श्रमिक स्वदेशी हुन वा प्रवासी ति सबै मानिस नै हुन उनीहरूको बाच्न पाउने अधिकार अन्य मानिसभन्दा फरक हुँदैन। सामाजिक मर्यादा र जिम्मेवारी सबैको समान हुन्छ। त्यसैले सबैले सामाजिक संरक्षण




श्रोतः वैदेशिक रोजगार विभाग

समान रूपमा पाउनु पर्छ भन्दै जिफन्टले प्रवासमा जिफन्ट सहयोग समूह बनाएर विगत तीन दशकदेखि श्रमिकको अधिकार स्थापित गर्न संघर्ष गर्दै आएको छ। यही कुरालाइ हृदयंङ्गम गर्दै यो वर्ष अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवसको मूल नारा, सामाजिक सुरक्षामा नियमित योगदान – श्रमिकको अधिकार संरक्षणः रहेको छ।

जिफन्टको स्पष्ट धारणा छ, हरेक नेपालीलाई जीवनोपयोगी ज्याला सहितको रोजगारी स्वदेशमा नै उपलब्ध हुनु पर्दछ। त्यसैले स्वदेशमा आकर्षक रोजगारी सीर्जना गरेर युवा जनशक्तिलाई रोजगारीका लागि विदेश जानै नपर्ने वातावरण बनाउन जिफन्टले वकालत गर्दै आएको छ। तथापी स्वदेशमा आकर्षक रोजगारी सिर्जना हुन नसकेले वैदेशिक रोजगारी अवसरको रूपमा समेत देखिन थालेको छ। विगतमा अदक्ष श्रमिक मात्र जाने गरेको भनिन्थ्यो तर अब उच्चदक्ष श्रमिक जानेकक्रम बृद्धि भएको तथ्यले देखाएको छ। वैदेशिक रोजगारीमा जाने कारण जे भएपनि रोजगारीका लागि विदेश जाने श्रमिकलाइ योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नु जिफन्टले आवाज उठाउँदै आएको थियो। नेपाल सरकारले वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि २०७९ मंसिर २८ गते जारी गरेर सामाजिक सुरक्षा कोषमा सूचिकरण अनिवार्य गरेको छ। कोषमा सूचिकरण अनिवार्य गरेपछि २०८१ साल मंसिर २८ गतेसम्ममा (१३०१०७८ जना) तेह्र लाख एक हजार अठहत्तर जना श्रमिक सामाजिक सुरक्षा कोषमा सूचिकृत भएर वैदेशिक रोजगारमा गएका छन्। ति श्रमिकले प्रतिव्यक्ति न्यूनतम पारिश्रमिक रू.१०८२०लाई आधारमानेर २१.४७ प्रतिशतले मासिक रू.२३२३,०५४/–का दरले रु.३०२२४,७४४५२/– तीन अर्ब बाइस करोड सट्चालिस लाख चार हजार चारसय बाउन्न रुपैयाँ योगदान गरेकाछन्। तेह्र लाख मध्ये पछिल्लो तीन महिनाको अवधिमा विदेश गएका करिब ६० हजार श्रमिकको योगदान मात्र नियमित रहेको छ। बाँकी १२,४१,०७८ बाह्र लाख एकचालिस हजार अठहत्तर जना श्रमिकको योगदान नियमित छैन। योगदान रकम नियमित नभएका श्रमिक समस्यामा पर्दा सामाजिक सुरक्षा कोषबाट सुविधा नपाउने अवस्था छ।

वैदेशिक रोजगारीमा गएका श्रमिकको नियमित योगदानको सुनिश्चितता गर्नु वर्तमान समयको प्रमुख चुनौती हो। तत्कालीन सरकारले पूर्व तयारी बिना काम देखाउन गरेको घोषणा भएपनि जिफन्टले त्यसै बेला "जारी भएको कार्यविधिमा रहेको कमजोरीलाई हटाउँदै क्रमस कार्यान्वयन गर्नु पर्छ", भनेको थियो। तसर्थ नेपाल सरकारले गन्तव्य देशका सरकारसँग पारस्परिक सम्झैता तथा सामाजिक सुरक्षा कार्यविधि अविलम्व संशोधन गरी प्रवासमा रहेका नेपाली श्रमिक अप्ठ्यारोमा पर्दा सुविधाबाट बञ्चित हुन नपर्ने सहज वातावरण तयार गर्नु पर्दछ।

युवा जनशक्तिलाइ स्वदेशमा नै रोजगारीको अवसर छ। जुन रोजगारीबाट आफु र आफ्नो परिवारको जीवन मर्यादित रूपमा व्यतित गर्न सकिन्छ भन्ने विश्वास जागृत गर्न विदेशको रोजगारी प्रवर्द्धन गर्ने कार्य न्यूनीकरण गर्न वैदेशिक रोजगार नीति २०६८ परिवर्तन गर्न आवश्यक छ। वैदेशिक रोजगार नीति पुनरावलोकन अध्ययन प्रतिवेदन २०७९ले पनि वैदेशिक रोजगार नीति परिवर्तन गर्न सुझाव दिएको छ। वैदेशिक रोजगारमा जाने नयाँ वा पुनः श्रम स्वीकृति लिँदा श्रमिकले २०७९ साल मंसिरदेखि सामाजिक सुरक्षा कोषमा योगदान रकम अनिवार्य दाखिला गर्नु पर्दछ। त्यसैले सामाजिक सुरक्षा प्रणाली लागू नहुँदा शुरु गरिएको कल्याणकारी कोष अब अलग्गै राख्न आवश्यक छैन। एकद्वार प्रणाली निर्मागरी वोर्ड अन्तरगत रहेको कल्याणकारी कोषको रकम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा हस्तान्त्रण गरिनु पदर्छ। यसबाट प्रवासमा नेपाली श्रमिक कुनै समस्यामा परेको अवस्थामा सामाजिक सुरक्षा कोषबाट सुविधा प्रदान गर्न सहज हुने छ।

## वैदेशिक रोजगारीमा जाने माध्यम सम्बन्धमा

विगत केहि वर्ष अगाडी वैदेशिक रोजगारीमा एजेन्सी मार्फत जाने श्रमिकको संख्या धेरै रहेको कुरा हामी वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्याङकबाट स्पष्ट हुन्छ। तर केही वर्ष यता एजेन्सी मार्फत भन्दा पनि व्यक्तिगत माध्यमबाट जाने श्रमिकको संख्यामा उल्लेख्य मात्रामा बृद्धि भएको देखिन्छ। यसको अर्थ एजेन्सी मार्फत विदेशमा काम लगाउँदा एजेन्सीले त्यस्तो श्रमिक कुनै समस्या पर्दा जिम्मेवारी लिनु पर्ने हुँदा जिम्मेवारीबाट बच्न व्यक्तिगत माध्यम प्रयोग गरेको स्पष्ट छ। यसले भविष्यमा विकराल रुप लिन सक्ने हुँदा समयमा नै ध्यान दिन आवश्यक छ।

### वैदेशिक रोजगारीको अवस्था

| आर्थिक वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| एजेन्सी मार्फत | १,७२,२६६ | ६१,४२८ | ३,१२,४१६ | ४०३६४१ | ३५३१६३ |
| व्यक्तिगत माध्मबाट | ९,६७३ | ५,३१७ | २६,७४० | ६९१७७ | ९५०३८ |
| वैधानिकिकरण गरेका | ८,५१४ | ५,३३६ | ९,७१२ | २१४०६ | ११९०१ |
| पुनः श्रम | १,७७,९८० | ९४,६१७ | २,८१,२२२ | २७७१०३ | २८११९५ |
| पुनः श्रम स्वीकृति लिएको कुल संख्या | ३,६८,४३३ | १,६६,६९८ | ६,३०,०९० | ७७१३२७ | ७४१२९७ |
| नयाँ श्रम स्वीकृतिको कुल संख्या | १,९०,४५३ | ७२,०८९ | ३,४८,८६८ | ४९४२२४ | ४६०१०२ |

श्रोतः वैदेशिक रोजगार विभाग


## वैदेशिक रोजगारीमा जिल्लागत विवरण

भौगोलिक रुपमा पहाडी जिल्लाभन्दा तराईका जिल्लाबाट वैदेशिक रोजगारीमा जाने संख्या धेरै रहेको छ। विगत दुई वर्षयता सबैभन्दा धेरै धनुषा जिल्लाबाट ३९,१०७ (उनन्चालीस हजार एकसय सात) जना वैदेशिक रोजगारीमा गएको तथ्यले देखाउँछ। त्यस्तै चितवन जिल्लाबाट सबैभन्दा कम १८,२४८ (अठार हजार दुईसय अठचालीस) जना वैदेशिक रोजगारीमा गएको देखिन्छ।

## मुख्य गन्तव्य खाडी राष्ट्र


विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि नेपालीहरुको मुख्य गन्तब्य मुलुक खाडी राष्ट्र नै रहेको छ। खाडी मुलुकहरुमा जानुको मुख्य कारण ती राष्ट्रले अल्पकालीन श्रम सम्झौताका आधारमा विदेशी श्रमिकलाई रोजगारी दिने नीति रहेको छ। यी देशहरुले ठूला निर्माण परियोजनाहरु, सेवा र घरेलु काममा प्रवासी श्रमिक धेरै लिएकाछन्। यसले गर्दा विकासोन्मुख देशका मानिसका लागि रोजगारीको अवसरको रुपमा व्याख्या गर्ने गरिएको छ।

**वैदेशिक रोजगारमा गएकाहरूको संख्या जिल्लागत विवरण**




श्रोत: वैदेशिक रोजगार विभाग

**गन्तव्य मुलुकमा जाने नेपाली श्रमिकको संख्या**




श्रोत: वैदेशिक रोजगार विभाग

**पुन:श्रम स्वीकृति लिएको प्रमुख मुलुकहरू (२०७६/७७) देखि (२०८०/८१)**

| देश | आ.व. २०७६/ ७७ | आ.व. २०७७/७८ | आ.व. २०७८ /७९ | आ.व. २०७९ /८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| कतार | ५१७३२ | ३२७८४ | १०८१०३ | ९२७४५ | ९३७३७ |
| साउदी अरेबिया | ४३८८४ | २३६३६ | ६३३२३ | ५६९८६ | ६८४०७ |
| यूएई | ४१३३९ | २८८६६ | ६८७९१ | ५७००७ | ६२४१२ |
| मलेसिया | २०५४७ | १०२८ | १०५५३ | ४०२३७ | २२०६० |
| कुवेत | ७८८८ | १०१२ | १२७५५ | १२०९७ | ११५९३ |
| बहराईन | २८८४ | १७९४ | ४४७० | ३७३८ | ४६९० |
| जापान | २७८९ | १५२६ | ३१७८ | ३८०५ | ३३६४ |
| ओमन | २१४३ | १५७७ | ३२२३ | २५७८ | ३००५ |
| रोमानिया | ९८ | १८७ | १०५७ | १०८८ | २३२१ |
| क्रोएसिया | १ | ७ | १३८ | २५५ | ११२४ |
| अन्य | ४६७५ | २२०० | ५६३१ | ६५६७ | ८४८२ |
| कुल | १७७९८० | ९४६१७ | २७५५९१ | २७७१०३ | २८११९५ |

श्रोत: वैदेशिक रोजगार विभाग

**नयाँ श्रम स्वीकृति लिएको प्रमुख देश (२०७६/७७) देखि (२०८०/८१)**

| देश | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| यूएई | ५२,०८५ | ११,६११ | ५३,८४४ | ५९,२५२ | २०८५३ |
| क्रोएसिया | ६४५ | १०८७ | ५२०६ | ७१८६ | १३३३२ |
| जापान | ९३९ | ५५३ | २४७८ | ५८३९ | ९२९९ |
| रोमानिया | १९३० | १९१२ | ६४१८ | १३,१३७ | ८४६४ |
| कतार | २९,८३५ | २२,१३१ | ७६,८२३ | ४०,५१७ | ६७६४ |
| माल्दिभ्स | ६४९ | ६२१ | ११२१ | ८७१ | ५८८० |
| माल्टा | १६६८ | ६४ | १२६८ | ५६०३ | ४६६१ |
| मरिसस | १५ | ० | १२ | १०६ | २४२२ |
| यूके | ० | २४८ | २६६६ | २१९५ | २३६५ |
| सर्बिया | ० | ० | ९६ | ९६२ | १८९० |
| अन्य | ५४०४ | १६८६ | ७११८ | २८३८७ | ३२४४० |
| कुल | ९६७३ | ५३१७ | २६७४० | ६९१७७ | ९५०३८ |

श्रोतः वैदेशिक रोजगार विभाग

## वैदेशिक रोजगारीमा जाने दक्ष श्रमिक संख्यामा बृद्धि

केहि वर्ष अघिसम्म नेपालबाट वैदेशिक रोजगारीमा अधिकांश अदक्ष श्रमिक जाने गरेको तथ्याङ्क छ। बिना सिप वैदेशिक रोजगारीमा गएका श्रमिकले विभिन्न प्रकारका समस्यामा पर्ने गर्थे। तर समयक्रममा वैदेशिक रोजगारमा प्राविधिक शिक्षा ज्ञान विकास र तालिम प्राप्त सीपयुक्त दक्ष श्रमिक संख्या धैरै छ।

वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार यो आर्थिक वर्ष श्रम स्विकृती लिएका अदक्ष श्रमिकभन्दा दक्ष श्रमिकको संख्या बढी छ। अदक्ष श्रमिकको संख्या १,४५५४७ रहेको छ भने ५,७९३७३ दक्ष श्रमिक रहेकाछन्। यद्यपी अझै पनि काम अनुसारको सिप नभएका कारण विभिन्न देश पुगेका नेपाली श्रमिकले समस्या झेल्नु परेको छ।

**दक्षता र सीपका आधारमा श्रमिक संख्या (२०८०/८१)**

| सीपको प्रकार | पुरुष | महिला | कुल संख्या |
|---|---|---|---|
| उच्च दक्षता | ५३७ | १९५ | ७३२ |
| व्यवसायिक | २४०७ | ३६५ | २७७२ |
| दक्ष | ४८१८७० | ५०२५३ | ५३२१२३ |
| अर्धदक्ष | ५३४५७ | ६६६६ | ६०१२३ |
| अदक्ष | १२२८५४ | २२६९३ | १,४५५४७ |
| कुल | ६६११२५ | ८०१७२ | ७,४१२९७ |

श्रोतः वैदेशिक रोजगार विभाग

तथ्याङ्कले अर्धदक्ष तथा सीपयुक्त भएर जानेको संख्यामा बृद्धि भएको देखाए पनि व्यवहारमा ठगिनेक्रम अझै पनि जारी छ। जानुपूर्व नेपालमा गरेको सम्झौता गन्तव्य मुलुकमा पुगेपछि अर्कै सम्झौतामा हस्ताक्षर गर्न बाध्य पार्ने वा नेपालमा हुँदा भनिए भन्दा फरक काम गर्न बाध्य पार्ने गरिएको गुनासो नेपाली श्रमिकबाट प्राप्त भइरहेको छ। तसर्थ वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिने समयमा सीपयुक्त र अर्धदक्ष श्रमिक पठाएको अभिलेख व्यवस्थित गरी गन्तव्य देशमा श्रम सहचारी वा राजदुतावासमा समेत जानकारी पठाउने व्यवस्था गरिनु पर्दछ। यसो गर्दा नेपाली श्रमिक स्वदेशमा रहँदा गरिए अनुसारको काम र पारिश्रमिक नपाएको विवाद सिर्जना भएको अवस्थामा निरूपण गर्न सहज हुनेछ।

## यूरोपतर्फ नेपाली श्रमिक आकर्षित हुँदै

हाल नेपाली श्रमिक युरोपका केही मुलुकमा रोजगारीका लागि जानेक्रम बढेको देखिन्छ। आ.व. (२०७९/८०)मा रोमानियामा १४,२५० जना नेपाली गएका थिए। चालु आ.व. मा १५,३६४ जनाले कामको लागि क्रोएसिया गएको तथ्याङ्कले देखाएको छ।

नेपाली श्रमिक गएको यूरोपको तेस्रो र चौथो गन्तब्य मुलुक साईप्रस र माल्टा रहेकाछन्। यसले नेपालीको रोजगारीका प्राथमिकताका गन्तव्य मुलुकहरु फेरिंदै जान थालेको देखिन्छ। तर युरोपका मुलुकहरुमा रोजगारीमा पठाउने नाममा मेनपावर कम्पनी तथा अनधिकृत व्यक्तिले रकम असुल्ने, गन्तव्य मुलुकमा पुर्याएर अलपत्र पार्ने गरेका घटनाप्रति सम्बन्धित निकाय गम्भीर हुन जरुरी छ। आकर्षक रोजगारी मिलाई दिने भन्दै भइरहेको आर्थिक ठगी र मानव तस्करीका घटना रोक्न र त्यस्तो कार्यमा संलग्न संस्था वा व्यक्तिलाई कारवाही गर्न कानुनमा परिवर्तन गरिनु पर्दछ।

## युरोपमा मुख्य रोजाईमा परेका देशहरू

| देश | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| क्रोएसिया | ६४६ | १०९४ | ५३४४ | ७४४१ | १५३६४ |
| रोमानिया | २०२८ | २०९९ | ७४७५ | १४,२२५ | १५०२१ |
| साइप्रस | १९९५ | १२५५ | ४१८१ | ५३१७ | ६९५० |
| बेलायत | ३८ | ३१७ | २८१४ | २२६४ | २५४४ |
| माल्टा | १८५० | ३१५ | १९१५ | ६३०३ | ५६६८ |
| पोल्याण्ड | ४४८ | ७०५ | १८५५ | ५११२ | १९६९ |

श्रोतः वैदेशिक रोजगार विभाग

## श्रम मन्त्रालयको गैरजिम्मेवार निर्णयविरूद्ध जिफन्टको खबरदारी

सन २०२३ को अक्टोबर महिनामा हमासले इजरायलमा र इजरायलले प्यालेसटाईनमा घातक आक्रमण गरेका थिए। उक्त आक्रमणमा दश जना नेपाली तालिमे विद्यार्थीको मृत्यु भएको थियो। सोही घटनापछि बेपत्ता भएका भिमदत्त नगरपालिका ३, कन्चनपुरका विपिन जोशी हमासको नियन्त्रणमा रहेको अनुमान गरिएपनि गर्न सरकारले निश्चित गर्न सकेको थिएन। यस्तो भयावह अवस्था रहेको देशमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मन्त्रीस्तरीय निर्णय गरी २०८१ साल असार ११ गते 'जी टु जी' प्रणाली मार्फत इजरायलमा ८०० जना हेरचाह (केयर गीभर) को काममा पठाउन विज्ञापन गरेको थियो। जिफन्टले उक्त निर्णय तत्काल खारेज गर्न र युध्दग्रस्त मुलुकमा श्रमिक नपठाउन माग गर्दै मन्त्रालयले गरेको गलत निर्णयको प्रतिवाद गरेको थियो। श्रमिकको 'बाच्न पाउने हकको' संरक्षण गर्दै सो क्षेत्रमा रहेका श्रमिकको संरक्षण र सुरक्षाको सुनिश्चतताका लागि अविलम्ब कदम चाल्नु पर्ने अवस्थामा उल्टै श्रमिक पठाउने भन्दै जिफन्ट लगायत धैरै क्षेत्रबाट बिरोध भएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको उक्त निर्णय निस्कृय भएको छ। हालसालै इजरायलस्थित नेपाली दूतावासले विपिन जोशी हमासको नियन्त्रणमा रहेको जनाएको छ। यो खबरपछि पनि उनको उद्धार गर्ने तर्फ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले परराष्ट्र मन्त्रालय, इजरायली समकक्षीसँग संवाद गरेको देखिदैन।

## वैदेशिक रोजगार सम्बन्धी केही महत्वपूर्ण तथ्यहरू


| | |
|---|---|
| वैदेशिक रोजगारको कारोवार गर्न इजाजत पाएका र क्रियाशील संस्था | ८६९ |
| वैदेशिक रोजगार कारोवार गर्न इजाजत पाएका र हाल निस्क्रिय संस्था | ३६ |
| वैदेशिक रोजगार कारोवार गर्न इजाजत पाएका र हाल रोक्का भएका संस्था | ५७६ |
| वैदेशिक रोजगार कारोवार गर्न इजाजत पाएका र हाल निलम्बनमा रहेका संस्था | १६ |
| अभिमुखिकरणका लागि इजाजत पाएका र हाल क्रियाशील संस्था | १३९ |
| अभिमुखिकरणका लागि इजाजत पाएका र हाल निस्क्रिय संस्था | ४ |
| वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परिक्षणको अनुमति पाएका संस्था | २२३ |
| वैदेशिक राजगारीमा विभागमा आवद्ध भई कारोवार गर्ने वाणिज्य बैंक | १९ |
| वैदेशिक राजगारीमा विभागमा आवद्ध भई कारोवार गर्ने विमा कम्पनी | १५ |
| विभागले वैदेशिक रोजगारीमा श्रमिक पठाउन नपाउने भनी रोक्का गरेको वैदेशिक कम्पनी | ६५ |

श्रोतः वैदेशिक रोजगार विभाग

**आर्थिक वर्ष २०७१/७२ देखि आर्थिक वर्ष २०७९/८० सम्ममा प्रवासी श्रमिक र विप्रेषणको अवस्था**

| आ.व. | प्रवासी श्रमिक | रेमिट्यान्स (खर्बमा) | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|
| २०७१/७२ | ५,१२,८८७ | रु.७०९.९७ | १२.४ |
| २०७२/७३ | ४,१८,७१३ | रु.६६५.६ | –६.६ |
| २०७३/७४ | ६,४२,८५९ | रु.६९५.४५ | ४.६ |
| २०७४/७५ | ६,१२,६८५ | रु.७५५.६ | ८.६ |
| २०७५/७६ | ५,०८,८२८ | रु.८७९.२७ | १६.५ |
| २०७६/७७ | ३,६८,४३३ | रु.८७५.३ | –०.५ |
| २०७७/७८ | १,६६,६९८ | रु.९६१.५ | ९.८ |
| २०७८/७९ | ६,३०,०९० | रु.१००७.३१ | ४.८ |
| २०७९/८० | ७,७१,३२७ | रु. १२२०.५६ | २१.२ |
| २०८०/८१ | ७,४१२९७ | रु.१४.४५ | १६.५ |

श्रोतः नेपाल राष्ट्र बैङ्क




## विप्रेषण (रेमिट्यान्स)

कोभिड–१९ को संक्रमणका कारण खुम्चिएको वैदेशिक रोजगारमा जाने संख्यामा उल्लेख्य बृद्धि भएसँगै विप्रेषण (रेमिट्यान्स) आउनेक्रम पनि बृद्धि भएको छ। आर्थिक वर्ष २०७८/७९ मा विदेशबाट कुल १० खर्ब ७ अर्ब ३१ करोड रुपैंया नेपाल भित्रिएको थियो। सो रकम अघिल्लो आर्थिक वर्ष भन्दा ४ दशमलव ८ प्रतिशत बढी हो। त्यसै गरी सोही अवधीमा यस आर्थिक वर्षमा कुल १२ खर्ब २० अर्ब ५६ करोड विप्रेषण नेपाल भित्रिएको तथ्याङले देखाएको छ।

वैदेशिक रोजगारमा जाने संख्यामा बृद्धि तथा विदेशमा नेपालीले कमाएर पठाउने विप्रेषण (रेमिट्यान्स) बढे पनि वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रणका लागि गत वर्ष पनि प्रभावकारी काम हुन सकेन।

## प्रवासमा मृत्यु हुने र अङ्गभङ्ग भएकाको विवरण

नेपाली श्रमिकको प्रवासमा मृत्यु हुने खबर नौलो होईन। प्रत्येक वर्ष एक हजार भन्दा धेरै नेपालीले ज्यान गुमाउने गरेका छन्। तर वैदेशिक रोजगार विभागले मृतकको संख्या गन्ने र श्रमिककै पैसाले बनेको कल्याणकारी कोषबाट मृतकको परिवारलाई भुक्तानी दिनु बाहेक केही गरेको देखिदैन। गन्तव्य मुलुकमा श्रमिकको मृत्यु रोक्न कार्यस्थल तथा आवासको अवस्था सुधारका लागि सरोकारवालासँग छलफल गर्ने योजना बनाउने तर्फ कुनै वास्ता गरेको छैन।

वैदेशिक रोजगार वोर्डका अनुसार आ.व. २०७१/७२ देखि आ.व.२०८०/८१ सम्म अर्थात १० वर्षको अवधीमा वैदेशिक रोजगारका क्रममा १० हजार २ सय ७४ नेपालीले ज्यान गुमाएका छन्। यो आर्थिक वर्षमा मात्र १ हजार ४ सय ९२ जना नेपाली श्रमिकले ज्यान गुमाएको र ५७८ जना अंगभंग भई स्वदेश फर्किएको वैदेशिक रोजगार वोर्डको तथ्याङले देखाएको छ। विदेशमा मृत्यु भएका अधिकांस व्यक्तिको मृत्युको कारण प्राकृतिक मृत्यु, हृदयाघात वा अचानक भएको मृत्यु लेखिएको कारण मृतक श्रमिकका परिवार गन्तव्य मुलुकबाट क्षतिपूर्ति लिनबाट पनि वञ्चित छन्। यस्तो पीडादायी अवस्थामा जिम्मेवार मन्त्रालय, वैदेशिक रोजगार वोर्ड तथा विभागको भूमिका उदेक लाग्दो छ। तसर्थ जिफन्ट यो विषयमा साझेदारबीच अविलम्ब छलफल आयोजना गर्न सरकारको ध्यानाकर्षण गराउन चाहन्छ।

उल्लेखित तथ्यांकले खाडी देश र अन्य गन्तव्य मुलुकको कार्यस्थल अत्यन्तै असुरक्षित तथा अस्वस्थकर रहेको स्पष्ट हुन्छ। तसर्थ सरकारले अब रोजगार सम्झौता वा सम्झदारी गर्दा कार्यथलोको अवस्था र त्यसबाट हुन सक्ने जोखिम समेटनु पर्दछ।

### बोर्डले आ.व. २०८०/८१ मा प्रदान गरेको सेवा

| क्रसं. | कार्यहरू | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | मृत्यु भएका श्रमिकलाई आर्थिक सहायता | ४१ | १३०५ | १३४६ |
| २. | बिरामी एवं अङ्गभङ्ग भएका श्रमिकहरूलाई स्वास्थ्य उपचार खर्च | ३६ | ६१७ | ६५३ |
| ३. | श्रमिकको परिवारका सदस्यलाई स्वास्थ्य उपचार खर्च | १० | २५५ | २६५ |
| ४. | शव बहान सेवा | २६ | ७४९ | ७७५ |
| ५. | अलपत्र शव झिकाउन तथा समन्वय | | | ३०८ |
| ६ | अलपत्र शवको उद्धार र समन्वय | | | १८६ |
| ७. | पिडिओटी सोधभर्ना | १५५८ | | १५५८ |

## सरकारको प्राथमिकतामा नपरेको वैदेशिक रोजगार व्यवस्थापन

मुलुकमा आकर्षक र पर्याप्त रोजगारी नहुँदा नेपाली श्रमिक रोजगारीका लागि विदेशिने गरेका छन्। सरकारले बाध्यताको वैदेशिक रोजगारीलाई अन्त्य गर्ने प्रतिवद्दता जनाए पनि सो अनुरुप कार्यक्रम बनाउन सकेको छैन। जसको कारण वैदेशिक रोजगारी रहरको रोजगारी बन्न सकेको छैन। अहिले पनि विदेशको रोजगारी बाध्यताको रोजगारी कै रूपमा जारी छ। यसको अन्त्य गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गरी स्वदेशमा रोजगारी सिर्जनाका लागि स्थानीय सरकार तथा ट्रेड यूनियनसँग सहकार्यको प्रकृया अविलम्व थाल्नु पर्दछ।

वैदेशिक रोजगारमा श्रमिकलाई पठाउने संस्थाहरुको धरौटी बृद्धि, परिवारका एकभन्दा बढी सदस्यका नाममा मेनपावर कम्पनी दर्ता रहेको भएमा तिनिहरुलाई गाभ्ने, वैदेशिक रोजगारको नाममा गरिने ठगिको उजुरी स्थानीय जिल्ला प्रशासन कार्यालय मार्फत नै अगाडी बढाउने, वैदेशिक रोजगार बोर्ड मार्फत उपलब्ध गराइने आर्थिक सहायता लगायतका सेवाहरु स्थानीय तह मार्फत नै उपलब्ध गराउने लगायतका व्यवस्था प्रभावकारी बनाउन जनस्तरमा सूचना पुर्याउनु पर्दछ। सही सूचनाको अभावमा पीडितहरू थप पीडामा पर्ने गरेकाछन्। अप्ठ्यारोमा परेका श्रमिक वा तिनका परिवारका सदस्यले राज्यका निकायबाट सहज रूपमा सहयोग प्राप्त गर्न सकेका छैनन्। तसर्थ जिफन्टले प्रत्येक पालिकामा वैदेशिक रोजगारीमा जाने श्रमिकको लगत राख्न श्रम डेक्स गठन गरी श्रमिक पञ्जीकरण गर्ने व्यवस्था गर्न सरकारसँग माग गर्दछ।

निर्दोष हुँदा हुँदै पनि गन्तव्य मुलुकमा कुनै नेपाली नागरिक फौजदारी अभियोगमा जेलमा परेको अवस्थामा निजको प्रतिरक्षा सरकारले गर्ने नीतिगत व्यवस्था गरिएको थियो। आफ्ना नागरिकको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने नीति बनेपनि त्यसको कार्यान्वयन नगर्नु दुःखको कुरा हो।

वैदेशिक रोजगारीमा रहँदा हासिल गरेको ज्ञान, सीप र अनुभव सहित स्वदेश फर्केकालाई नेपाली श्रम बजारसँग जोड्न र उत्पादनमुलक कार्यमा संलग्न गराउन सरकारले पुनएकीकरणको नीति ल्याएको छ। यो स्वागतयोग्य विषय हो। यसका लागि जिफन्टले लामो समयदेखि आवाज पनि उठाउँदै आएको थियो। तर सो नीतिको कार्यान्वयन पक्ष अत्यन्त सुस्त गतिमा रहेको छ। तसर्थ यसको प्रभावकारिताको लागि स्थानीय तहसँगको साझेदारी र श्रम डेक्ससँग समन्वय गरी हेरक पालिकामा कति जना स्वदेश फर्किए एकिन गरी तिनिहरूको ज्ञान, सिप र अनुभव स्वदेशमा कुन क्षेत्रमा उपयोगी हुन सक्छ व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पहल गर्नु पर्दछ।

वैदेशिक रोजगारमा जान चाहने वा गएकाहरुलाई सहि सुचना दिन, समस्यामा परेकाहरुलाई मद्दत गर्न कल सेण्टर सञ्चालन लगायतका कामहरु गरेको छ। तर त्यस्ता सेवालाई प्रचारमुखि मात्र नबनाई नतिजामुखि बनाउन आवश्यक छ।

## वैदेशिक रोजगार र जिफन्ट

जिफन्टले प्रवासी नेपाली श्रमिकको हकहित रक्षाको लागि श्रम डेस्क गठन गरी काम गरीरहेको छ। जस मार्फत प्रस्थान पूर्व अभिमुखिकरण तथा परामर्श सेवा प्रदान गरिरहेको छ। वैदेशिक रोजगारका क्रममा समस्यामा परेकाहरुको उद्दारमा समन्वय र सहयोग, न्यायमा पहुँच, क्षतिपूर्ति प्राप्ति लगायतमा मद्दत गर्दै आएको छ।

यसैगरी जहाँ श्रमिक त्यहाँ जिफन्ट अभियान तीन दशकदेखि निरन्तर सञ्चालन गरीरहेको छ। यो अभियान सन् १९९४ देखि प्रवासमा कार्यरत नेपालीलाई संगठित गर्दै सुरु गरेको थियो। हाल यो अभियान अझ विस्तार भएको छ। जिफन्ट सहयोग समूहहरुले मलेसिया तथा खाडीका मुलुकहरुमा कार्यरत नेपालीलाई अप्ठ्यारोमा पर्दा मद्दत गर्ने, श्रमिकलाई उनीहरुका हक र अधिकारका बारेमा सचेत बनाउने र स्थानीय ट्रेड यूनियनहरुसँग नेपाली प्रवासी श्रमिकलाई जोड्ने काम गर्दै आएका छन्। जिफन्ट प्रवासी श्रम डेस्कमा २०८१ मा जम्मा २३३ जनाले सहयोगका लागि लिखित उजुरी दिएकाछन्।

## आफन्तबाटै बेचिएकी सिता मोक्तान

हेटौँडा उपमहानगरपालिका १९ मकवानपुरकी ३० वर्षीय सिता मोक्तानलाई आफ्नै नन्दले, "भिसा पठाई दिने भनेर ईराकबाट भन्नुभयो र एक जना सन्तोष नाम गरेको एजेन्टसग सम्पर्क गराई दिनुभयो। सन्तोष नाम गरेको एजेन्टले मलाई सबै कागजात मिलाई दियो फ्रि भिषा हो भनेर कुनै पैसा पनि लिएन। म आफ्नो नन्द भएको ठाउँमा जाने हो भनेर ढुक्क थिएँ। तर एजेन्टले मलाई तुर्केमिनिस्तान भन्ने ठाउँमा काम गर्ने हो भनेको थियो। मलाई थाहा थिएन कुर्किस्थान भनेको छुट्टै देश हो भनेर मैले त ईराक नै हो भन्ने ठानेको थिएँ। सबै कागजात बिनाएर २०८१ साउन १ एक गते आफन्त कसैलाई थाह नदिइकन म तुर्केमिनिस्तान भनेर जहाजमा बसेर दिदीलाई फोनमा म बिदेश उडेँ" भने।

"मलाई त्यही दिन दुवई पुराईयो र १ दिन राखेर ईराक पुराईयो। नेपालबाट जाने बेलामा घरको काम भनेर लगेको तर त्यहाँ पुराएपछि त्यो भनेको जस्तो काम होइन रहेछ। ईराकीले किनेर लगेको रहेछ। यो कुरा मैले त्यहाँ पुगेपछि मात्र थाहा पाएँ। इराकीले किनेर लगेपछि उनीहरुले भनेको जस्तोपनि काम गर्न पर्ने रहेछ। मलाई धेरै जनाकोमा लग्यो तर उनीहरुले भनेको जस्तो काम गर्न तयार नभएपछि पछि मलाई बिभिन्न प्रकारले शारीरिक तथा मानसिक यातना दिन थाल्यो। मलाई शारीरिक शोषण गर्न खोजियो। मेरो स्वास्थ्य स्थिति खराब हुन थालेपछि मैले मेरो नन्द जसले मलाई त्यहाँ लगेको थियो उहाँलाई नेपाल पठाई दिन भने तर कुनै सुवाई भएन। नेपालको एजेन्ट सन्तोष मलाई पठाएपछि सबै उहाँ तपाईको नन्दले गर्नुहुन्छ भनेर सम्पर्क बिहीन भयो। त्यसपछि मैले नेपालमा दिदीलाई भनेर उद्धार गर्न भने। दिदीले उद्धारका लागि मानव बेचबिखन ब्यूरोमा पनि उजूरी दिनुभएछ। त्यहाँबाट एजेन्टलाई सम्पर्कमा त्याउनै सकेन। दिदी फेरि वैदेशिक रोजगार उद्धार नेपाल भन्ने संस्थामा जानुभएछ त्यहाँ पनि उजुरी दिनु भएछ र ३५ हजार पैसा पनि तिर्नु भएछ। त्यहाँबाट पनि केही पहल भएन उल्टै दिदीको फोन नै ब्ल्याक लिस्टमा राखी दिनुभएछ। सबै ठाउँबाट निराश भएपछि जिफन्टमा गएर सबै घटनाको बिवरण सुनाएपछि तत्कालै पहल थाल्नु भयो र जिफन्टमा निवेदन दिएको करिब १५ दिनमा सकुशल मेरो उद्धार भयो। मैले जिउँदो नेपाल फर्कन्छु भनेर सोचेको पनि थिईन यसका लागि नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)लाई धेरै धेरै धन्यवाद"।

## अरब मुलुकमा उच्चतापक्रमको काम र व्यवसायजन्य रोग

प्रवासबाट स्वदेश फर्किएका नेपाली श्रमिकहरूको स्वास्थ्य अवस्था सम्बन्धमा विभिन्न संस्थाहरुले गरेको अनुसन्धानमा काठमाडौं स्थित दुई ठूला डायलिसिस सेण्टरका ६० जना बिरामीहरुमा ३१% प्रवासी कामदार रहेछन्, ती सबै कामको लागि विदेश जानु अघि तन्दुरुस्त रहेका थिए। अझ ती प्रवासी कामदार मध्ये ५०% चालिस वर्ष मुनीका युवाहरु थिए।

उक्त अध्ययनको आधारमा नेपाली प्रवासी श्रमिकहरू अत्यन्तै अवस्थकर कार्यस्थलमा काम गरेको र तिनिहरूले कठोर दुर्व्यवहार तथा शोषण भोगेको देखाएको छ। नेपाली श्रमिकले विभिन्न शारीरिक र मानसिक स्वास्थ्य समस्याबाट पीडित भएको देखाएको छ। अध्ययनले प्रस्थान पूर्व अभिमुखीकरणमा उपयुक्त चिकित्सा जाँच, र गन्तव्य देशका लागि सुरक्षित रोजगारीको शर्त तथा पूर्ण स्वास्थ्य बीमा लागू गर्न आवश्यक रहेको उल्लेख गरेको छ।

जिफन्टले प्रवासी श्रमिकको स्वास्थ्य र कल्याणको रक्षा गर्न गन्तव्य देशको सामाजिक उत्तरदायित्व रहने कानून र नियामक ढाँचाहरू सुनिश्चित गर्न नेपाल सरकार र गन्तव्य देशहरू बीच बृहत्तर सहकार्य आवश्यक रहेकोले सोही अनुसार समझदारी गर्न माग गरेको कुरा उल्लेखित अध्ययन प्रतिवेदनले पनि पुष्टि भएको छ।

स्रोत: https://www.ncbi.nlm.nih.gov/pmc/articles/PMC10090227/

**नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**
पुतलीसडक, मनमोहन मजदुर भवन, काठमाडौं
फोन : ४१६८०००, फ्याक्स : ४१६८०१२
इमेल : dfa@gefont.org वेब : www.gefont.org